# बुद्धभुमी नेपाल हाइड्रो पावर कम्पनी लि.
# को
# १३ औं तथा १४ औं वार्षिक साधारण सभा

## आ.व. २०७७/७८ (२०२०/२१)
## तथा
## आ.व. २०७८/७९ (२०२१/२२)

## २०७९ फागुन ०५ गते शुक्रबार

# बुद्धभुमी नेपाल हाइड्रो पावर कम्पनी लि.को
# १३औं तथा १४औं वार्षिक साधारण सभा
# (आ.व. २०७७/७८ तथा २०७८/७९)
# कंपनी दर्ता नं १७३१४४/०७४/७५

१. <u>बार्षिक साधारण सभा</u>

यस बुद्धभुमी नेपाल हाइड्रो पावर कम्पनी लिमिटेडको १३औं तथा १४औं वार्षिक साधारण सभा (आ.व. २०७७/७८ तथा २०७८/७९) कम्पनीका संचालक समितिका अध्यक्ष श्री पूर्णलाल श्रेष्ठज्यूको अध्यक्षतामा मिति २०७९ फागुन ९५ गते , शुक्रबार ( १७ फरवरी २०२३) को दिन वालनट बिष्ट्रो एण्ड बान्क्वेट, पानीपोखरी काठमाण्डौंमा विहानको ११:०० बजे देखि १:३० बजे सम्म चंचालन गरियो ।

२. उपस्थिति

**२.१ संचालक समितिहरुको उपस्थिति**

श्री पुर्ण लाल श्रेष्ठ, अध्यक्ष
श्री बलराम खतिवडा, संचालक
श्री प्रमोद खडका, संचालक
श्री दिपक लाल अमात्य, संचालक
श्री श्री ईल्या दिक्षित भट्टराई ज्यू

**२.२ पदाधिकारीको उपस्थिति**

श्री शेखर सुबेदी, का. प्रमुख कार्यकारी अधिकृत
श्री अनिल कुमार थापा , सल्लाहकार
श्री शुक्र राज डंगोल, कंपनी सचिव
श्री हिक्मत सेट्टी, लेखा सहयोगी

**२.३ शेयरधनीको उपस्थिति संख्या प्रतिशतमा**

स्वंय / आधिकारीक प्रतिनिधि / प्रक्सी मार्फत ८४ जना
उपस्थित कुल शेयर संख्या २३,१७,१३२ कित्तामा
जम्मा उपस्थिति प्रतिशतमा ५७।९३%

## ३. १३औं तथा १४औं वार्षिक साधारण सभाको सूचना

१३औं तथा १४औं वार्षिक साधारण सभाको सूचना प्रथम पटक २०७९ माघ १२ गते र दोस्रो सूचना मिति २०७९ माघ १६ गते का दिन आर्थिक प्रत्रिका कारोबार दैनिकिमा प्रकाशित गरिएको व्यहोरा कंपनी सचिव श्री शुक्र राज डंगोलले सभामा जानकारी गराउनु भयो । यसका अतिरिक्त कंपनीको वार्षिक साधारण सभामा उपस्थित हुनु हुने शेयरधनीहरु लाई उपस्थितिको दर्ता पुस्तिकामा हस्ताक्षर गराई कंपनीको वार्षिक प्रतिबेदन पुस्तक हस्तान्तरण गरियो ।

## ४. गणपूरक संख्या तथा सभाको बैधानिकता

| विवरण | कूल शयर संख्या | स्वयं / प्रोक्सी तथा आधिकारीक व्यक्तिको उपस्थिति | | जम्मा उपस्थिति |
|---|---|---|---|---|
| | | संख्या | शेयर कित्ता | |
| शेयर कित्ता | ४० लाख | ८४ | २३,१७,१३२ कित्ता | ५७।९३% |

यो सभा कंपनी ऐन २०६३ तथा कंपनीको नियमवाली बमोजिम बोलाईएको र कंपनी न २०६३ को दफा ७३ को उपदफा २ तथा कंपनीको नियमावली नियम २३ बमोजिम बांडफांडभएको कूल शेयर संख्याको कम्तिमा पचास प्रतिशत शेयरको प्रतिनिधित्व हुने गरि कूल शेयरधनीहरुमध्ये कम्तिमा तिन जना शेयरधनीहरु स्वयम् वा आफ्नो प्रतिनिधि द्वारा उपस्थित हुनु पर्ने प्रावधान रहेकोमा यस सभाको उपस्थिति पुस्तिकाको बिबरण अनुसार ८४ जना शेयरधनी मार्फत कुल शेयर संख्याको ५७।९३% को उपस्थिति देखिएकोले यस सभा बैधानिक भएको घोषणा गर्नु भयो।

## ५. बैठकको एजेण्डा

### ५.१ सामान्य प्रस्तावहरुः

१. आ.ब. २०७७/०७८ तथा २०७८/७९ को वार्षिक प्रतिवेदन पारित गर्ने ।

२. वार्षिक आर्थिक विवरण, लेखापरीक्षकको प्रतिवेदन सहितको २०७८ आषाढ मसान्त तथा २०७९ आषाढ मसान्त को वासलात तथा मिति २०७७ श्रावण १ देखि २०७८ आषाढ मसान्त तथा २०७८ श्रावण १ देखि २०७९ आषाढ मसान्तसम्मको नाफा–नोक्सान हिसाब र सोहि अवधिको नगद प्रवाह विवरण सम्बन्धी विषयमा छलफल गरी स्वीकृत गर्ने ।

३. आ. ब. २०७९/०८० का लागि लेखापरीक्षक नियुक्ति गर्ने र निजको पारिश्रमिक तोक्न ।

४. सर्बसाधारण शेयरधनीहरु (समूह "ख") बाट प्रतिनिधित्व गर्ने २ जना संचालकहरुको निर्वाचन गर्ने सम्बन्धमा ।

५. स्वतन्त्र संचालक नियुक्त गर्ने सम्बन्धमा ।

Buddha Bhumi Nepal Hydro Power Co. Ltd. Kathmandu

५.२. **बिशेष प्रस्तावहरुः**

१. कम्पनीले सामाजिक उत्तरदायित्व अन्तर्गत गरेको आर्थिक सहयोग लाई अनुमोदन गर्ने सम्बन्धमा ।

२. कम्पनीले आफ्नो चुक्ता पुंजी र सञ्चित मुनाफाभन्दा बढी हुने गरी लिएको ऋण अनुमोदन गर्ने सम्बन्धमा ।

**५.३ विविध सम्बन्धमा**

१. शेयर पूंजी (नियम १४) हेरफेर गर्ने संबन्धमा ।

## ६. बैठकको प्रारम्भ

उपस्थित शेयरधनीहरुले आजको १३औं तथा १४औं वार्षिक साधारण सभा कंपनी ऐन २०६३ तथा कंपनी नियमावली बमोजिम संचालिक भएको कुरामा सहमति जनाउनु भयो । अध्यक्ष श्री पुर्ण लाल श्रेष्ठ ज्यूले बैठकको आवश्यक गण पुरक संख्या (नियम २३) बमोजिम पर्याप्त भएको सुनिश्चित गरि बैठक संचालनका लागी कारवाही अगाडि बढाईयो ।

## ७. अध्यक्ष ज्यूको मन्तव्य

संचालक समितिको तर्फबाट संचालक समितिका अध्यक्ष श्री पुर्ण लाल श्रेष्ठ ज्यू ले वार्षिक प्रतिवेदनमा उल्लेख गरिए अनुसार आफ्नो मन्तव्य पढेर सुनाउनुभयो । बिभिन्न कठिन परिस्थितिका बाबजुद पनि यस कंपनीले उक्त अबढीमा हासिल गरेको उपलब्धी तथा कार्य संपादनको जानकारी सभामा गराउनु भयो । यस कंपनीको १३औं तथा १४औं वार्षिक साधारण सभामा उपस्थित हुनु भएका प्रमुख अतिथि, बिशिष्ट अतिथि, सञ्चालक समितिका सदस्यहरु, सम्पुर्ण शेयरधनी महानुभावहरु, आमान्त्रित महानुभावहरु, प्रतिनिधि महानुभावहरु तथा कंपनीको कर्मचारी साथीहरुमा सञ्चालक समितीको तर्फबाट सबैलाई हार्दिक स्वागत गर्दै श्री श्रेष्ठ एस एण्ड एसोसियटस चार्टर्ड एकाउन्टेन्टस् का तर्फबाट तयार पारिएको कंपनीको तेर्हौं **(आ.व. २०७७/७८ )** र **चौधौं (आ.व. २०७८/७९ )** को वार्षिक प्रतिवेदन सभा समक्ष प्रस्तुत गर्नु भयो । शेयरधनी महानुभावहरुले बिगतमा दिएको सुझावहरुलाई गम्भिर रुपमा ग्रहण गर्दै सुधार गर्ने प्रतिबद्धता गर्नु भयो।

## ८. छलफल तथा निर्णय

कंपनीको सभामा उपस्थित हुनु भएका शेयरधनी महानुभावहरुलाई उपलब्ध गराएको वार्षिक प्रतिबेदन र प्रस्तावित एजेण्डा माथि कुनै जिज्ञासा, सल्लाह सुझाव भएमा सभा समक्ष राख्न अनुरोध भयो ।

Buddha Bhumi Nepal Hydro Power Co. Ltd. Kathmandu

<u>८.१ प्रश्न तथा सल्लाहहरुः</u>

**अ) शेयरधनी श्री डमरु बल्लभ घिमिरे ज्यूले वार्षिक प्रतिबेदन संबन्धमा राख्नु भएको प्रश्नहरु यस प्रकार थियो ।**

क) पेज नं ०८ मा हेर्दा ०७७/७८ भन्दा ०७८/७९ मा किना ३००% भन्दा बढि प्रशासनीक खर्च बढेको हो?

ख) यस संस्थाले ४।९९३ मेघावाट संचालनमा ल्यायो हकप्रद मार्फत अन्य आयोजना ल्याउन वा बनाउन सकिन्छ कि ?

**आ) शेयरधनी शिब प्रसाद पौडेल ज्यू ले वार्षिक प्रतिबेदन संबन्धमा राख्नु भएको प्रश्नहरु यस प्रकार थियो ।**

क) साधारण सभा किन समयमा हुन सकेन?

ख) साधारण सभामा श्रव्य दृष्य सहतिको प्रस्तुती राख्ने सुझबाव दिनु भयो ।

ग) जलबिधुत को संरचनामा माछा पालन वा कृषि व्यबसायमा अग्रसर गराई आर्थिक लाभ लिने सुझाव दिनु भयो ।

घ) हकप्रद शेयरको सुझाब दिनु भयो ।

**इ) शेयरधनी श्री शत्रुधन श्रेष्ठ ज्यू ले वार्षिक प्रतिबेदन संबन्धमा राख्नु भएको प्रश्नहरु यस प्रकार थियो ।**

क) साधारण सभा किन समयमा हुन सकेन?

ख) आयोजनामा १ अर्व ६३ करोड ऋण लागनी को कुरा कुरा अगाडी मंचमा बाचन गर्नु भयो ।

**ई) शेयरधनी श्री सुदिप श्रेष्ठ ज्यू ले वार्षिक प्रतिबेदन संबन्धमा राख्नु भएको प्रश्नहरु यस प्रकार थियो ।**

क) साधारण सभामा आयोजनाको शुभकामना सहतिको मन्तव्य राख्नु भयो ।

**उ) शेयरधनी श्री उत्सव श्रेष्ठ ज्यू ले वार्षिक प्रतिबेदन संबन्धमा राख्नु भएको प्रश्नहरु यस प्रकार थियो ।**

क) बार्षिक प्रतिबेदनमा संल्गान प्रतिनिधि ( प्रोक्सी) मा कंपनी सचिव ज्युको हस्ताक्षर किन राखिएन ?

ख) कार्यक्रम तालिकामा १:०० बेजे देखि १०:०५ को त्रुटी औंल्याउनु भयो ।

ग) के कति कारणले लेखा समितिको गठन नभएको ?



Buddha Bhumi Nepal Hydro Power Co. Ltd. Kathmandu

**८.१ प्रश्न तथा सल्लाहहरुको संबोधन**

शेयरधनी महानुभावहरुले सभामा गर्नु भएको प्रश्न तथा सुझाव प्रति कंपनी सचिव ज्यूले आभार ब्यक्त गर्नु भयो साथै कति पय बिबरणहरु शेयरधनी महानुभावहरुले नै गलत पढनु भएको जस्तैः नेपाल क्रेडिट एण्ड कमर्श बैंक लिमिटेडलाई डमरु ज्युले कमर्ज एण्ड ट्रष्ट बुझ्नु भएको साथै १ अर्ब ६३ लाख को बिबरणलाई शत्रुधन ज्यूले १ अर्ब ६३ करोड पढनु भएको साथै संचालन खर्चमा हर्जाना बापतको रकम जुन नेपाल बिधुत प्राधिकरणले फिर्ता गर्ने सहमति समेत जनाई सकेकोले आगामि बर्षमा नाफा नोक्सानमा समायोजन हुने यथार्थलाई सभामा प्रस्तुग गर्नु भयो । साथै अन्य शेयरधनी महानुभावहरुको जिज्ञासाहरु समेतलाई क्रमशः सम्बोधन गर्नु भए पश्चात सबै उपस्थित शेयरधनीहरुले जवाफ चित्त बुझ्दो भएको भनि प्रतिकृया साथै यति सहज र सरल ढंगले बुझाउनु भएको भनि धन्यबाद समेत ब्यक्त गर्नु भयो । साथै गलत बुझेको र पढिएकोमा माफि समेत ब्यक्त गर्नु भयो ।

**९. सभामा पारित बिषयहरुः**

**९.१ आ.ब. २०७७/०७८ तथा २०७८/७९ को वार्षिक प्रतिवेदन पारित गर्ने ।**

कंपनीका तर्फबाट संचालक समितिका अध्यक्ष ज्यू ले आ.ब. २०७७/०७८ तथा २०७८/७९ को वार्षिक प्रतिवेदन पारित गरिदिन सभालाई आग्रह गर्नु भयो। त्यस लगतै सभामा उपस्थित शेयरधनी महानुभावहरुले गडगडाहड तालिका साथ सर्वसम्मतिले प्रस्ताव पारित गर्न स्विकृति दिनु भयो ।

**९.२ वार्षिक आर्थिक विवरण, लेखापरीक्षकको प्रतिवेदन सहितको २०७८ आषाढ मसान्त तथा २०७९ आषाढ मसान्त को वासलात तथा मिति २०७७ श्रावण १ देखि २०७८ आषाढ मसान्त तथा २०७८ श्रावण १ देखि २०७९ आषाढ मसान्तसम्मको नाफा–नोक्सान हिसाब र सोहि अवधिको नगद प्रवाह विवरण सम्बन्धी विषयमा छलफल गरी स्वीकृत गर्ने ।**

कंपनीका तर्फबाट संचालक समितिका अध्यक्ष ज्यू ले वार्षिक आर्थिक विवरण, लेखापरीक्षकको प्रतिवेदन सहितको २०७८ आषाढ मसान्त तथा २०७९ आषाढ मसान्त को वासलात तथा मिति २०७७ श्रावण १ देखि २०७८ आषाढ मसान्त तथा २०७८ श्रावण १ देखि २०७९ आषाढ मसान्तसम्मको नाफा–नोक्सान हिसाब र सोहि अवधिको नगद प्रवाह विवरण पारित गरि दिने सभालाई आग्रह गर्नु भयो । त्यस लगतै सभामा उपस्थित शेयरधनी महानुभावहरुले गडगडाहड तालिका साथ सर्वसम्मतिले प्रस्ताव पारित गर्न स्विकृति दिनु भयो ।

Buddha Bhumi Nepal Hydro Power Co. Ltd. Kathmandu

**९.३ आ. ब. २०७९/०८० का लागि लेखापरीक्षक नियुक्ति गर्ने र निजको पारिश्रमिक तोक्ने ।**

यस संबन्धमा छलफल हुंदा आ. ब. २०७९/०८० का लागि लेखापरीक्षकका लागी हाल कायम रहेकै श्री श्रेष्ठ एस एण्ड एसोसियट्स चार्टर्ड एकाउन्टेन्टस लाईनै कंपनीको आगामी आर्थिक बर्ष २०७९/८० का लागी लेखा परिक्षकमा नियुक्ति दिने तथा पारिश्रमिकको हकमा कंपनीको संचालक समितिमा अख्तियार प्रत्यायोन गर्ने गरि निर्णय सर्व सम्मतिले पारित गर्ने निर्णय सभाले गर्यो ।

**९.४. सर्बसाधारण शेयरधनीहरु (समूह "ख") बाट प्रतिनिधित्व गर्ने २ जना संचालकहरुको निर्वाचन गर्ने सम्बन्धमा ।**

कंपनी सचिवले मिति मिति २०७९ माघ २५ गते बसेको संचालक समितको निर्णय अनुसार सर्व साधारण शेयरधनीहरु ( समुह ख) बाट प्रतिनिधित्व गर्ने २ जना संचालकको नियुक्तिका लागी नियुक्त भएको "नेउपाने ल कन्सर्न" लाई प्रतिनिधित्व गर्ने अधिबक्ता द्वय "श्री शेर बहादुर बस्नेत तथा पुष्पराज पाण्डेय" ज्यु लाई निर्बाचन सम्बन्धिका बिबरणहरु सभा समक्ष पेश गर्न सभामा बोलाउनु भयो । निर्वाचन अधिकृत द्वयले निर्वाचणको निर्देशिका बमोजिम भए गरेका संपुर्ण प्रकृयाहरुको बिबरण सहतिको दस्ताबेज हरु सभामा प्रस्तुत गर्नुभयो **"बुद्धभुमि नेपाल हाईड्रो पावर कंपनी लिमिटेड संचालक निर्वाचन निर्देशिका २०७९"** बमोजिम मनोनयनका लागी दर्ता आव्हान गर्दा तोकिएको हदम्याद भित्र जम्मा २ जना शेयरधनीहरुले मात्र संचालकमा मनोनयन दर्ता गराउनु भएको हुंदा तपशिलमा उल्लेख भएका मनोनयन दर्ता गराउने सदस्यहरु निर्बिरोध निर्वाचित भएको घोषणा श्री पुष्प राज पाण्डेय ज्यू ले सभा समक्ष प्रस्तुत गर्नु भयो । निर्वाचित समुह "ख" अन्तर्गतका संचालकहरुलाई आगामि संचालक समितको बैठकमा सपथ ग्रहण गराई प्रमाण पत्र दिने व्यबस्था गराउने सभा समक्ष जानकारि गराउनु भयो तत् पश्चात नयाँ नियुक्त भएका समुह "ख" का प्रतिनिधि संचालकहरुलाई गडगडाहड तालिका साथ सुभकामना सहित निर्णय पारित गरियो ।

**तपशिलः**

१) श्री प्रकाश सापकोटा, टोखा ०४, धापासी – निर्बिरोध निर्वाचित "संचालक समुह ख"

२) श्री रमेश मान प्रधान, चमति १५, काठमाण्डौङ, निर्बिरोध निर्वाचित "संचालक समुह ख"

**९.५. स्वतन्त्र संचालक नियुक्त गर्ने सम्बन्धमा ।**

कंपनीको नियमावली २७(२) बमोजिम स्वतन्त्र संचालक नियुक्ति गर्ने प्राबधन रहेकोमा समय अभावका कारण सभामा स्वतन्त्र संचालकको सिफारिस हुन नसकेको र यथा सिघ्र संभव भए सम्म २०७९ को चैत्र भित्रमा स्वतन्त्र संचालक नियुक्ति गर्ने शर्तमा सो सम्बन्धि छलफल गरि नियुक्तिको प्रकृया बढाउन संचालक समितलाई अख्तियारी प्रत्यायोजन गर्न सभाले स्विकृति दिए पश्चात स्वतन्त्र संचालक नियुक्ति को प्रस्ताव सर्वसम्मतिले पारित गरियो

**९.६. बिषेश प्रस्ताव अन्तर्गत** कम्पनीले सामाजिक उत्तरदायित्व अन्तर्गत गरेको आर्थिक सहयोग लाई अनुमोदन गर्ने सम्बन्धमा ।

कंपनीको बिषेश प्रस्ताव अन्तर्गत यस कंपनीले सामाजिक उतरदायित्व तथा बाताबरणिय संरक्षण अन्तर्गत को शिर्षकमा हाल सम्म गरेको खर्च रकम रु. १७०७६४४२.८७ /- लाई अनुमोदन गरियोस भनि सभा समक्ष प्रस्ताव पेश भएकोमा उक्त प्रस्ताव सर्वसम्मतिले पारित गरियो।

**९.७. बिषेश प्रस्ताव अन्तर्गत** कम्पनीले आफ्नो चुक्ता पुंजी र सञ्चित मुनाफाभन्दा बढी हुने गरी लिएको ऋण अनुमोदन गर्ने सम्बन्धमा ।

कंपनीको बिषेश प्रस्ताव अन्तर्गत यस कंपनीले आफ्नो चुक्ता पुंजी र सञ्चित मुनाफा भन्दा बढि हुने गरि लिएको ऋण अनुमोदनका लागी सभा समक्ष पेश भएकोमा जलबिधुत उत्पादन गर्ने कंपनीको हकमा सबै जस्तो आयोजनामा यो स्वभाविक रहेको हुनाले उक्त प्रस्ताव सर्वसम्मतिले पारित गरियो।

**९.८. बिबिध अन्तर्गत** कंपनीको नियमावलीको नियम १४ शेयरपूजी हेरफेर गर्ने संबन्धमा।

कंपनीको बिबिध अन्तर्गतको प्रस्तावमा सभामा उपस्थित शेयरधनी महानुभावहरुले हकप्रदलाई प्राथमिकतामा राख्न सुझाब दिएको तथा सो संबन्धमा कंपनीले समेत बार्षिक प्रतिबेदनको पेज नं ५५मा संसोधन सहितको शेयर पूजीं हेरफेरको प्रस्ताव अघि बढाईएको जानकारी सभामा उपस्थित शेयरधनी महानुभावलाई गराउनु भयो । बार्षिक प्रतिबेदनमा प्रस्तावित संसोधनको बारेमा सभामा छलफल हुंदा उक्त संसोधन अपरिहार्य रहेको र यस प्रस्तावलाई सके सम्म छिटो गरि हकप्रद निष्काशनलाई प्राथमिकता दिन जोड तोडले कुरा उठाई यस प्रस्ताव पारित गर्नु पर्ने अडान सभाले लिएको देखियो तसर्थ उक्त प्रस्ताव पारित गर्ने निर्णय सर्बसम्मतिले गर्यो ।

**१०. धन्यबाद ज्ञापन तथा बैठको समापन**

शेयरधनी महानुभावहरुलाई कंपनीको लक्ष्य प्राप्तिको लागि संचालक समिति सदैव अहोरात्र लागि रहेको साथै यस सभामा उठेको प्रश्नहरु शेयरधनी महानुभावहरुले दिएको सल्लाह सुझाव कंपनीको लागी मार्गदर्शनको रुपमा रहने कुरा व्यक्त गर्दै उपस्थिति सम्पुर्ण शेयरधनी महानुभावहरु, नियमनकारी निकायहरु लेखा परिक्षक, संचारकर्मी स्थानिय प्रशासन, कंपनीका कर्मचारी, निर्माण कार्यका ठेकेदार तथा यस कंपनी प्रति बिश्वास गरि आयोजना निर्माणका लागी ऋण प्रवाह गर्नु हुने बैंक तथा बित्तिय साझेदार संस्थाहरु प्रति हार्दिक आभार व्यक्त गर्दै यस सभाको अध्यक्ष श्री पुर्ण लाल श्रेष्ठ ज्यूले सभा सम्पन्न भएको घोषणा गर्नु भयो।

..............................
पूर्णलाल श्रेष्ठ
अध्यक्ष

Buddha Bhumi Nepal Hydro Power Co. Ltd. • Kathmandu •

..............................
शुक्रराज डंगोल
कंपनी सचिव